# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड९) जनकपुरधाम, नेपाल, भाद्र ०४ गते, २०८२ साल (अतिरिक्ताङ्क२(ख)

भाग ३

## मधेश प्रदेश सरकार

## गृह सञ्चार तथा कानुन मन्त्रालय

## प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धि कार्यविधि, २०८२

**प्रस्तावना:** प्रदेश निजामती कर्मचारीको मनोबल उच्च बनाई गुणस्तरीय सेवा प्रवाह र विकास निर्माणका कार्यमा प्रभावकारीता ल्याउन प्रदेश निजामती सेवा पुरस्कारको व्यवस्था गर्न वाञ्छनीय

भएकोले,

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १२७ र प्रदेश निजामती सेवा नियमावलीको नियम ११३ को उपनियम (९) ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धि कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृति भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-,

(क) "अध्यक्ष" भन्नाले यस कार्यविधि बमोजिम पुरस्कारका लागि सिफारिस गर्न गठित सिफारिस समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले मधेश प्रदेशमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(ग) "कार्यालय प्रमुख" भन्नाले मधेश प्रदेश सरकार मातहतका सबै मन्त्रालय/सचिवालय/आयोग/ केन्द्र /विभाग तथा मातहतका कार्यालयका कार्यालय प्रमुखलाई सम्झनु पर्छ।

(घ) "पुरस्कार" भन्नाले दफा ३ बमोजिमको पुरस्कार सम्झनुपर्छ।

(ङ) "प्रदेश सचिव" भन्नाले प्रदेश सरकारका मन्त्रालयका प्रदेश सचिव सम्झनु पर्छ।

(च) "प्रदेश सरकार" भन्नाले मधेश प्रदेश सरकार सम्झनुपर्छ।

(छ) "सिफारिस समिति" भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्छ।

३. <u>पुरस्कारको किसिमः</u> (१) प्रदेश सरकारले प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीहरुलाई देहाय बमोजिमको पुरस्कार प्रदान गर्न सक्नेछ।

| क्र.स. | पुरस्कारको नाम | रकम रु. | पुरस्कृत हुने कर्मचारीको संख्या |
|---|---|---|---|
| १. | सर्वोत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कार | दुई लाख | एक जना |
| २. | उत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कार | एक लाख | तीन जना |
| ३. | प्रदेश निजामती सेवा पुरस्कार | पचास हजार | सात जना |

(२) प्रदेश सरकारले कर्मचारीलाई उपदफा (१) बमोजिमको पुरस्कार प्रदान गर्दा त्यस्तो कर्मचारीले गरेको मुख्य काम तथा योगदान उल्लेख गर्नु पर्नेछ । सार्वजनिक रुपमा त्यस्तो काम र योगदानको विवरण प्रकाशित गर्नुपर्नेछ ।

४. <u>सिफारिस समितिः</u> (१) पुरस्कारको लागि सिफारिस गर्न देहायको सिफारिस समिति रहनेछ।

(क) प्रदेश सरकारको प्रमुख सचिव -अध्यक्ष

(ख) प्रदेश सभा सचिवालयको सचिव -सदस्य

(ग) गृह विषयसंग सम्बन्धित मन्त्रालयको सचिव -सदस्य

(घ) मुख्यमन्त्रीको मनोनयनमा कम्तिमा रा.प. प्रथम/एघारौ तहबाट सेवा निवृत कर्मचारी मध्येबाट तोकिएको एक जना व्यक्ति -सदस्य

(ङ) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन तथा बैठक महाशाखा प्रमुख -सदस्यसचिव

(२) दफा ४ उपदफा (१) बमोजिमको समितिको कुनै सदस्यको नाम यस कार्यविधिको दफा ७ बमोजिम पुरस्कारको लागि सिफारिस भएको अवस्थामा पुरस्कारको लागि सिफारिस नभएको प्रदेश सरकारको सबै भन्दा वरिष्ठ सचिव समितिको सदस्यको रुपमा रहनेछ ।

(३) पुरस्कारको लागि सिफारिस हुने प्राविधिक कर्मचारीको सिफारिसका लागि समितिले आवश्यक ठानेमा सम्बन्धित सेवा समूह मिल्ने राजपत्राङ्कित प्रथम श्रेणीको वा अधिकृत एघारौ तहको कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिले बैठक सम्बन्धी कार्यविधि आँफै निर्धारण गर्न सक्नेछ।

(५) समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।

५. **पुरस्कार सिफारिसका आधारः** (१) समितिले पुरस्कारको लागि सिफारिस गर्दा ज्येष्ठता, कार्यकुशलता, व्यावसायिकता, नेतृत्वशैली, दक्षता, सृजनशीलता र लगनशीलताका अतिरिक्त देहायका आधार लिनुपर्नेछ।

(क)सर्वोत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कारको लागिः

(१) प्रदेश निजामती सेवाको स्थायी पदमा पन्ध्र वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको,

(२) पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा शतप्रतिशत अङ्क प्राप्त गरेको,

(३) पछिल्लो पन्ध्र वर्षमा कुनै पनि विभागीय सजाय नपाएको,

(४) पुरस्कारको लागि सिफारिस हुने वर्षमा निजको नाममा व्यक्तिगत बेरुजु कायम नदेखिएको,

(५) सम्पत्ति विवरण नियमित रुपमा पेश गरेको,

(६) असाधारण विदा लिएको भए त्यस्तो विदा पछि हाजिर भएको अवधि कम्तीमा दुई वर्ष पूरा भएको,

(७) पुरस्कारको लागि सिफारिस हुने वर्ष र त्यसको अघिल्लो वर्षमा अध्ययन विदा नलिएको,

(८) पछिल्लो पाँच वर्षभित्र गयल कट्टीमा नपरेको,

(९) व्यवस्थापन परीक्षण भएकोमा पुरस्कारको लागि सिफारिस हुने वर्षमा निजको नाममा प्रशासनिक बेरुजु नदेखिएको.

(१०) प्रचलित कानून बमोजिम बरबुझारथ गरेको।

(ख) उत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कारको लागिः

(१) प्रदेश निजामती सेवाको स्थायी पदमा दश वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको,

(२) पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा शतप्रतिशत अंक प्राप्त गरेको,

(३) पछिल्लो दश वर्षमा कुनै पनि विभागीय सजाय नपाएको,

(४) पुरस्कारको लागि सिफारिस हुने वर्षमा निजको नाममा व्यक्तिगत बेरुजु कायम नदेखिएको,

(५) सम्पत्ति विवरण नियमित रुपमा पेश गरेको,

(६) असाधारण विदा लिएको भए त्यस्तो विदा पछि हाजिर भएको अवधि कम्तीमा दुई वर्ष पूरा भएको,

(७) पुरस्कारको लागि सिफारिस हुने वर्ष र त्यसको अघिल्लो वर्षमा अध्ययन विदा नलिएको,

(८) पछिल्लो तीन वर्षभित्र गयल कट्टीमा नपरेको,

(९) व्यवस्थापन परीक्षण भएकोमा पुरस्कारको लागि सिफारिस हुने वर्षमा निजको नाममा प्रशासनिक बेरुजु नदेखिएको,

(१०) प्रचलित कानून बमोजिम बरबुझारथ गरेको ।

(ग) प्रदेश निजामती सेवा पुरस्कारको लागिः

(१) प्रदेश निजामती सेवाको स्थायी पदमा पाँच वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको,

(२) पछिल्लो पाँच वर्षमा कार्य सम्पादन मूल्याङ्कनमा शतप्रतिशत अंक प्राप्त गरेको,

(३) पछिल्लो पाँच वर्षमा कुनै पनि विभागीय सजाय नपाएको,

(४) पुरस्कारको लागि सिफारिस हुने वर्षमा निजको नाममा व्यक्तिगत बेरुजु कायम नदेखिएको,

(५) सम्पत्ति विवरण नियमित रुपमा पेश गरेको,

(६) असाधारण विदा लिएको भए त्यस्तो विदा पछि हाजिर भएको अवधि कम्तीमा दुई वर्ष पूरा भएको,

(७) पुरस्कार पाउने वर्ष र त्यसको अघिल्लो वर्षमा अध्ययन विदा नलिएको,

(८) पछिल्लो दुई वर्षमा गयल कट्टीमा नपरेको.

(९) व्यवस्थापन परीक्षण भएकोमा पुरस्कारको लागि सिफारिस हुने वर्षमा निजको नाममा प्रशासनिक बेरुजु नदेखिएको,

(१०) प्रचलित कानून बमोजिम बरबुझारथ गरेको ।

(२) दफा (४) बमोजिमको समितिले आवश्यक ठानेमा दफा (५) मा उल्लेखित आधारका अतिरिक्त थप आधारको व्यवस्था गर्न सक्नेछ ।

(३) दफा (४) बमोजिमको समितिले पुरस्कारको लागि कर्मचारीको नाम सिफारिस गर्ने प्रयोजनको लागि यस कार्यविधि बमोजिम तोकिएका आधारहरुको भार निर्धारण गर्न सक्नेछ ।

(४) प्रदेश निजामती सेवा पुरस्कारको साथमा दिईने प्रमाणपत्रको ढाँचा अनुसूची-२ बमोजिमको हुनेछ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखेको भएतापनि प्रदेश सरकारले दफा (५) को उपदफा (१) बमोजिमको आधार पूरा गरेको र सेवामा बहाल रहँदै मृत्यु भएको कर्मचारीको

परिवारलाई दफा (४) बमोजिमको समितिले सम्मानसहित छुट्टै पुरस्कार प्रदान गर्न सक्नेछ।

(६) प्रदेश निजामती कर्मचारीको सेवा अवधि गणना गर्दा समायोजन भई आएका कर्मचारीको हकमा समायोजन हुनु पूर्वको सेवा अवधि समेत गणना गरिनेछ।

६. **पुरस्कार सिफारिसको सीमा:** मन्त्रालय/आयोग/सचिवालय/केन्द्रले पुरस्कार सिफारिस गर्दा देहायको सीमाभित्र रही गर्नुपर्नेछः-

(१) कार्यालयको स्वीकृत दरबन्दीभित्रः

(क) कर्मचारी संख्या २५ जनासम्म भएकोमा -१ जनासम्म

(ख) कर्मचारी संख्या २६ देखि १०० जना सम्म भएकोमा -४ जनासम्म

(ग) कर्मचारी संख्या १०० देखि ५०० जना सम्म भएकोमा -७जनासम्म

(घ) कर्मचारी संख्या ५०० देखि १००० जना सम्म भएकोमा -९ जनासम्म

७. **पुरस्कारको सिफारिस तथा निर्णयः** (१) पुरस्कारको लागि सिफारिस गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछः

(क) पुरस्कारको लागि सिफारिस गरिने कर्मचारी कार्यरत कार्यालय प्रमुखले अनुसूची-१ बमोजिमको फाराम सम्बन्धित कर्मचारीबाट भराई विवरण प्रमाणित हुने कागजात संलग्न राखी प्रमाणित गरी तालुक

मन्त्रालयमा सिफारिस साथ मंसिर मसान्तसम्म पठाउनुपर्नेछ।

(ख) मन्त्रालय / सचिवालय / आयोग/केन्द्रका सचिवले मातहतका निकायबाट खण्ड (क) बमोजिम प्राप्त सिफारिस तथा आफ्ना कार्यालयका कर्मचारीहरुको मूल्याङ्कन गरी दफा ५ बमोजिमको संख्यामा ननाघ्ने गरी पौष महिनाको पहिलो हप्ताभित्र समितिको सचिवालयमा सिफारिस गरी पठाउनु पर्नेछ।

(ग) समितिले प्राप्त सिफारिस र प्रस्तावित पुरस्कार समेत विचार गरी उपयुक्त ठह्रायाएको कर्मचारी र उपयुक्त ठह्राएको पुरस्कार सिफारिस गरी माघ महिनाको पहिलो हप्ताभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ ।

(घ) प्रदेश सरकार समक्ष पेश गर्नु अघि सिफारिस भइ आएका कर्मचारीको सम्बन्धमा प्रतिक्रिया वा उजुरी दिने प्रयोजनका लागि कम्तीमा १०(दश) दिनको म्याद दिई पुरस्कारको किसिम समेत उल्लेख गरी मन्त्रालय/सचिवालय/आयोग/केन्द्रको

वेबसाईट र सूचना पार्टिमा प्रकाशन गर्नुपर्नेछ।

(ङ) खण्ड (घ) बमोजिम परेको उजुरी छानविन गरी समितिले उजुरी फर्छ्यौट गरि खण्ड (ग) बमोजिम प्रदेश सरकारमा पेश गर्नुपर्नेछ।

(२) प्रदेश सरकारले समितिबाट प्राप्त नाम समेतलाई विचार गरी उपयुक्त कर्मचारीलाई उपयुक्त पुरस्कार दिने निर्णय गर्न सक्नेछ।

८. पुरस्कार वितरणः (१) पुरस्कारका लागि आवश्यक रकम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सालबसाली बजेटमा व्यवस्था गरिनेछ।

(२) प्रत्येक वर्ष प्रदेश निजामती सेवा दिवसको अवसरमा पुरस्कार घोषणा गरी उपयुक्त समयमा वितरण गरिनेछ।

९. विविधः (१) प्रत्येक बर्ष प्रदेश सरकारले प्रदान गर्ने पुरस्कारको अभिलेख मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशमा रहनेछ। साथै उक्त विवरण कार्यालयको वेभपेजमा समेत राखिनेछ।

(२) कुनै प्रदेश निजामती कर्मचारीलाई पुरस्कार प्राप्त गरेको दुई बर्षभित्र कुनै पनि पुरस्कारको लागि र पाँच बर्षभित्र सोही पुरस्कारको लागि पुनः सिफारिस गरिने छैन।

(३) पुरस्कार प्राप्त गरिसकेको कुनै निजामती कर्मचारीले पुरस्कारको लागि पेश गरेको कागजात तथा विवरण झुटो ठहरिएमा पुरस्कार खारेज गरि प्रचलित कानून बमोजिम सजाय समेत हुनेछ।

(४) यस कार्यविधि सम्बन्धि कुनै विवाद उत्पन्न भएमा यसको अन्तिम व्याख्या मधेश प्रदेश सरकार मन्त्रिपरिषदले गर्नेछ।

## अनुसूची-१

### (दफा ७ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित।)

### प्रदेश निजामती सेवा पुरस्कारको लागि सम्भाव्य कर्मचारीले भर्ने फाराम

मैले देहाय बमोजिमको विवरण र पुष्टयाई गर्ने प्रमाणित कागजात सहित प्रदेश निजामती सेवा पुरस्कारको सिफारिसका लागि पेश गरेको छु।

१. कर्मचारीको नाम, थरः
२. संकेत नं.ः
३. हालको पदः
४. कार्यरत कार्यालयः
५. निजामती सेवाको स्थायी पदमा प्रवेश गरेको मितिः
६. प्रदेश सरकारको सेवामा प्रवेश गरेको मितिः
७. निजामती सेवामा............ वर्ष काम गरिसकेको छु। प्रदेश निजामती सेवामा ........... वर्ष सेवा गरिसकेको छु।
८. मैले विभागीय सजाय पाएको छैन।
९. सम्पती विवरण नियमित रुपमा पेश गरेको छु।
१०. मेरो नाममा व्यक्तिगत बेरुजु छैन।
११. मैले असाधारण बिदा लिएको छैन। मैले मिति.................... देखि....................... सम्म असाधारण विदा लिएको छु।
१२. मैले अध्ययन विदा लिएको छैन। मैले मिति ..................... देखि ....................सम्म अध्ययन बिदा लिएको छु।
१३. म गयल कट्टीमा परेको छैन।
१४. मेरो नाममा प्रशासनिक र असुल उपर गर्नु पर्ने बेरुजु छैन।
१५. मैले हालसम्म सरुवा हुँदा नियमानुसार बरबुझारथ गरेको छु।
१६. अन्य

उक्त व्यहोरा सत्य हो। पुरस्कारको लागि सिफारिस भएमा पुरस्कृत भएपछि पनि उक्त व्यहोरा झुठा ठहरे पुरस्कार फिर्ता गर्नका साथै कानून बमोजिम सजाय व्यहोर्ने छु।

निवेदकः

दस्तखतः

कर्मचारीको नाम, थरः

मितिः

देहायका आधारमा निवेदक कर्मचारी ......................लाई पुरस्कारको लागि सिफारिस गरेको छुः-

(क)

(ख)

(ग)

सम्बन्धित कार्यालयको प्रमुखको

दस्तखतः

दर्जा, नामथरः

मितिः

कार्यालयको छाप

देहायका आधारमा निवेदक कर्मचारी.......... ...लाई पुरस्कारको लागि सिफारिस गरेको छुः-

सम्बन्धित मन्त्रालय/आयोग/सचिवालयको प्रमुखकोः

दस्तखतः

दर्जा, नामथरः

मितिः

कार्यालयको छापः

अनुसुची-२

(दफा ५ को उपदफा (४) संग सम्बन्धित)

प्रदेश निजामती सेवा पुरस्कार पाउनेलाई प्रदान गरिने पुरस्कराको ढाँचा

**मधेश प्रदेश सरकार**

श्री ........................

.............................

.............................

तपाईले मधेश प्रदेश सरकार/सचिवालय/आयोगको प्रदेश निजामती सेवाको .................................. पदमा रही ............................................. कार्य गरेबापत मधेश प्रदेश सरकारले तपाईलाई आर्थिक बर्ष ......................../..................... को ...................................... सर्वोत्तकृष्ट/उत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कार प्रदान गरेको छ।

भविष्यमा पनि तपाईबाट मधेश प्रदेश सरकारले विशिष्ट योगदानको अपेक्षा राखेको छ।

| ..................... | ................... | .......................... |
|---|---|---|
| सचिव | प्रमुख सचिव | मुख्यमन्त्री |

स्वीकृत मितिः- २०८२।०५।०४

**आज्ञाले,**

**उद्धव प्रसाद रिजाल**

**प्रदेश सचिव**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय**



गृह,सञ्चार तथा कानुन मन्त्रालय, मधेश प्रदेश बाट प्रकाशित